(इ) वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख गरिएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने काम कारोबारका लागि आवश्यक पर्ने पूँजी जुटाउने ।

(ई वित्तीय संस्थाको पूँजीकोष वृद्धि गर्ने ।

**(ख) धितोपत्र निष्कासनबाट प्राप्त पूँजीको उपयोग :**

**(अ) निष्कासनबाट प्राप्त हुने कूल रकमलाई प्रयोग गर्ने क्षेत्र सम्बन्धी विवरण :**

साधारण शेयर निष्कासन गरी प्राप्त हुने पूँजी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली र अन्य प्रचलित कानुन बमोजिम घ वर्गका वित्तीय संस्थाले गर्न पाउने कार्यको अधिनमा रही वित्तीय संस्थाको

लघुवित्त उद्यम कार्यक्रम सञ्चालन र विस्तारमा उपयोग गरिनेछ । साधारण शेयर निष्कासन गरी प्राप्त हुने पूँजी वित्तीय संस्थाको नियमित लघु वित्तीय कार्यक्रम एवं आर्थिक कारोबारमा लगाइने छ, जसको विवरण देहाय अनुसार रहेको छ ।

| क्र.सं. | विवरण | प्रतिशत | रकम (रु.) |
|---|---|---|---|
| १ | पशुपालन तथा कृषि कर्जा | ५० | ३,५३,९०,००० |
| २ | खुद्रा ब्यापार र सेवा कर्जा | २५ | १,७६,९५,००० |
| ३ | साना तथा घरेलु कर्जा | २५ | १,७६,९५,००० |
| | **जम्मा** | १०० | ७,०७,८०,००० |

(आ) **सार्वजनिक निष्कासन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्कासनको उद्देश्य प्राप्ति गर्नको लागि अपनाइने वैकल्पिक व्यवस्था :**

लघुवित्त वित्तीय संस्थाहरुको शेयर निष्कासन गर्दा निष्काशित शेयरभन्दा अधिक मात्रामा आवेदन प्राप्त भैरहेको हुँदा यस वित्तीय संस्थाको निष्काशित शेयरहरु पनि पूर्ण रुपमा बिक्री हुने अपेक्षा गरिएको छ । कथंकदाचित निष्कासन गरिने शेयरहरु पूर्ण रुपमा बिक्री नभएमा हिमालयन क्यापिटल लिमिटेड, त्रिदेवीमार्ग, ठमेल, काठमाण्डौले निष्कासन रकमको शत प्रतिशत शेयरहरु खरीद गर्ने प्रत्याभूति सम्झौता गरेको छ ।

(इ) **आयोजनाको सञ्चालन स्थान, आयोजना चरणबद्ध रुपमा कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण :** सो नभएको ।

(ई) **आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यवसायिक उत्पादन शुरु हुने अनुमानित मिति :** सो नभएको ।

(उ) **संगठित संस्थाले कुनै उपकरण खरीद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रस्तावित मूल्य, सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मूख्य मूख्य बूँदाहरु :** सो नभएको ।

(ऊ) **कुनै पार्टीसँग प्रतिलिपी अधिकार, ट्रेडमार्क, इजाजतपत्र, रोयल्टी, सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम, ठेगाना सम्बन्धी विस्तृत विवरण :** सो नभएको ।

(ए) **उत्पादन सम्बन्धी आयोजना भए, सो को प्रकृति, प्रयोगकर्ता, प्रतिस्पर्धा, लक्षित समूह, उत्पादन क्षमता, विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्वन्धी विवरण :** सो नभएको ।

(ऐ) **आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत :** सो नभएको ।

(ओ) **आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत :** सो नभएको ।

(औ) **सार्वजनिक निष्कासनका लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्क सम्बन्धी विवरण:**

(१) **निष्कासन तथा बिक्री प्रबन्धक :**
यस विवरणपत्र मार्फत सार्वजनिक रुपले सर्वसाधारणमा बिक्री गरिने साधारण शेयरको निष्कासन तथा बिक्री प्रबन्धक सम्बन्धी कार्य गर्नका लागि नियुक्त ग्लोबल आइएमई क्यापीटल लिमिटेड, जमल, काठमाडौंलाई उक्त सेवा प्रदान गरे बापत रु.१,००,०००।-(अक्षरेपी एक लाख मात्र) दिइनेछ ।

(२) **ट्रष्टि (डिवेन्चर/बण्ड निष्कासनको हकमा) :** सो नभएको ।

(३) **क्रेडिट रेटिङ्ग :**
ईक्रा नेपाल लि.लाई साधारण शेयर निष्कासनको लागि क्रेडिट रेटिङ्ग सेवा प्रदान गरे बापत भ्याट समेत रु.१,६९,५००।- (अक्षरेपी रु. एक लाख उन्नसत्तरी हजार पाँच सय रुपैया मात्र) भुक्तानी गरिएको छ ।

(४) **प्रत्याभूतिकर्ता :**
प्रत्याभूतिकर्ता हिमालयन क्यापिटल लि., त्रिदेवीमार्ग, ठमेल, काठमाण्डौलाई प्रत्याभूति सेवा प्रदान गरे बापत रु.७०७८०।- (अक्षरेपी रु.सत्तरी हजार सात सय असी रुपैया मात्र) भुक्तानी गरिएको छ ।

(५) **विज्ञहरु :**
यस विवरणपत्रमा उल्लेख गरिएको वित्तीय विवरण तयार पार्ने विज्ञको रुपमा वित्तीय संस्था आफैं रहेको छ र यस विवरणपत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी सो आधारमा वित्तीय प्रक्षेपणका विवरण यर्थाथपरक रहेको भनी प्रमाणित गर्ने श्री एस. डि. एण्ड एसोसियट्स चार्टर्ड एकाउण्टेण्ट्स, काठमाण्डौंका चार्टर्ड एकाउण्टेण्ट श्री संन्जिव ढकाललाई प्रमाणित शुल्क बापत रु.३९,५५०/- (अक्षरेपी रु.उन्नचालिस हजार पाँच सय पचास रुपैया मात्र) भुक्तानी गरिएको छ ।

(६) **लेखापरिक्षक :**

वित्तीय संस्थाको प्रक्षेपित वित्तीय विवरणहरुको  पुनरावलोकन गरी प्रमाणित गर्न श्री एस. डि. एण्ड एसोसियट्स, चार्टर्ड एकाउण्टेण्ट श्री संन्जिव ढकाललाई प्रमाणित शुल्क बापत  रु.३९,५५०/- (अक्षरेपी रु. उन्नचालिस हजार पाँच सय पचास रुपैया मात्र) भुक्तानी गरिएको छ ।

(७) **अन्य :**

नेपाल धितोपत्र बोर्डबाट मिति २०७४/११/११ गतेदेखि सि-आस्वा प्रणाली कार्यान्वयन भइसकेको  सन्दर्भमाा नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्था र तिनका तोकिएक शाखा कार्यालयहरु यस निष्कासनको लागि संकलन केन्द्रको रुपमा रहनेछन् । सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई कुनै शुल्क भुक्तानी गर्नुनपर्ने र निजहरुले नेपाल धितोपत्र बोर्डले तोके बमोजिमको शुल्क निष्कासन तथा बिक्री प्रबन्धकलाई भुक्तानी गर्नेछन् ।

(ग) **सार्वजनिक निष्कांसनबाट प्राप्त रकमलाई परियोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरण** : सो नभएको ।

(घ) **प्रिमियममा धितोपत्र जारी गर्ने भएमा प्रिमियम थप्नु पर्ने कारण र औचित्य :** सो नभएको ।

(ङ) **धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :**

(अ) **अत्यधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रक्रिया:**

यस विवरणपत्र मार्फत् सर्वसाधारणमा जारी गरिएको धितोपत्र खरीदका लागि आवश्यक भन्दा अत्याधिक माग भई दरखास्त प्राप्त हुन आएमा धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार धितोपत्रहरु बाँडफाँट गरिनेछ । यदि निष्कासन गरिएको धितोपत्रको संख्याभन्दा कम धितोपत्र खरिदको लागि दरखास्त प्राप्त हुन आएमा माग बमोजिम धितोपत्र बाँडफाँट गरी बाँकि रहेको शेयर प्रत्याभूतिकर्ताले प्रत्याभूति सम्बन्धी सम्झौतामा भएको व्यवस्था अनुसार खरीद गर्नेछ ।

(आ) **अत्यधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :**

शेयर बिक्री बन्द भएको मितिले नेपाल धितोपत्र बोर्डले तोकेको समयावधिभित्र शेयर बाँडफाँट गरी पूर्ण वा आंशिक रुपमा स्वीकृति/अस्वीकृति भएको व्यहोरा उल्लेख गरी "धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी निर्देशिका, २०७३" को अनुसूची ७ बमोजिमको विवरण सम्बन्धित सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई उपलब्ध गराइनेछ र सोही विवरण अनुरुप सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँटमा नपर्ने आवेदकको रोक्का रहेको बैंक खाता फुकुवा गरी फिर्ता गरिदिनेछ ।

(इ) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर :**

"धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी निर्देशिका, २०७३ पूर्ण रुपमा लागू भैसकेको सन्दर्भमा उपरोक्त व्यवस्था लागू नहुने ।

(ई) **धितोपत्र बाँडफाँट तथा प्रमाणपत्र जारी सम्बन्धी प्रक्रिया र समयावधि :**

यस विवरणपत्र अनुसार जारी गरिएको धितोपत्रहरु धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ तथा धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरे पश्चात् नेपाल स्टक एक्सचेञ्ज लि.मा सूचीकृत तथा सिडिएस एण्ड क्लियरिङ्ग लि.मा दर्ता भए पश्चात् आवेदन फारममा उपलब्ध गराएको हितग्राही खातामा बाँडफाँट परेका शेयर जम्मा/वितरण गर्ने व्यवस्था मिलाइने ।

(उ) **धितोपत्र सूचीकरण भई सकेको भए, त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्रको कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण** : सो नभएको ।

(ऊ) **धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्कासन तथा बिक्री गरिने धितोपत्र प्रचलित ऐन नियम अनुसार सहज खरीद, बिक्री वा विनिमय हुन सक्ने गराउनका लागि गरिने व्यवस्था सम्बन्धी विवरण :**

यस विवरणपत्र मार्फत निष्कासन गरिने धितोपत्र धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ तथा धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ सम्बन्धी व्यवस्था अनुसार धितोपत्रको बाँडफाँट गरे पश्चात नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा प्रचलित व्यवस्था अनुसार सूचिकरण तथा दर्ता गराई धितोपत्र खरिद तथा राफसाफको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

(च) **प्रत्याभूति सम्बन्धी विवरण :**

(अ) **धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :**

यस विवरणपत्र मार्फत निष्कासन गर्न लागिएको ७,०७,८०० कित्ता साधारण शेयरका लागि धितोपत्र प्रत्याभूतिकर्ता श्री हिमालयन क्यापिटल लि., त्रिदेवीमार्ग, ठमेल, काठमाण्डौबाट ७,०७,८०० कित्ता शेयरको लागि प्रति कित्ता अंकित मूल्य रु.१००/-ले हुने रु.७,०७,८०,०००।- बराबरको प्रत्याभूति सेवा प्रदान गरिएको छ ।

**(आ) धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मुख्य मुख्य बूँदाहरु :**

यस विवरणपत्र मार्फत् निष्कासन गर्न लागिएको धितोपत्रको प्रत्याभूतिकर्ता सँग गरिएको सम्झौताको मुख्य मुख्य बुँदाहरु देहाय बमोजिम रहेका छन्:

१. यस वित्तीय संस्थाले ७,०७,८०० कित्ता साधारण शेयर निष्काशन गर्नका लागि नियमानुसार शत प्रतिशत शेयर प्रत्याभूति गर्नको लागि प्रत्याभूतिकर्ता श्री हिमालयन क्यापिटल लि., त्रिदेवीमार्ग, ठमेल, काठमाण्डौंसँग मिति २०७७/०२/२८ मा प्रत्याभूति सम्झौता गरिएको छ ।

२. प्रत्याभूतिकर्तालाई प्रत्याभूति सेवा प्रदान गरे बापत रु ७०,७८०।- भुक्तानी गरिएको छ ।

३. यस विवरणपत्र बमोजिम जारी गरिने साधारण शेयरहरुमा प्रत्याभूतिकर्ताको दायित्व प्रत्याभूति गरिएको कित्ता संख्याको हदसम्म मात्र सीमित हुनेछ ।

४. यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरु पूर्ण वा आंशिक रुपमा बिक्री नभएमा माथि उल्लेख भए बमोजिम प्रत्याभूति गरिएको शेयर कित्ता संख्याको हदसम्म सीमित हुने गरी प्रत्याभूतिकर्ताले खरिद गर्न सहमति जनाएको छ ।

५. प्रत्याभूति गरिएको कम्पनीको शेयर सर्वसाधारणमा बिक्री गर्दा सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा प्रत्याभूतिकर्ताको दायित्व स्वतः समाप्त हुनेछ ।

६. यस सम्झौता हस्ताक्षर भएको मितिदेखि लागू भई ६ (छ) महिनासम्म कायम रहनेछ । उक्त समयावधिभित्र शेयर निष्कासन हुन नसकेमा सम्बन्धित पक्षहरुको सहमतिमा सम्झौताको म्याद थप गर्न वा नयाँ सम्झौता गर्न सक्ने व्यवस्था रहेको छ ।

७. यस सम्झौताको कार्यान्वयन र व्याख्यामा मत भिन्नता भएमा वा विवाद उत्पन्न भएमा दुवै पक्षको आपसी सहमतिमा विवादको समाधान गरिनेछ । आपसी सहमतिबाट विवाद समाधान हुन नसकेमा दुवै पक्षले एक एक जना मध्यस्थकर्ता नियुक्त गर्नेछन् । यसरी नियुक्त मध्यस्थकर्ताको आपसी सहमतिमा मुख्य मध्यस्थकर्ता नियुक्त गरिनेछ र मध्यस्थकर्ताद्वारा गरिएको निर्णय दुबै पक्षलाई मान्य हुनेछ । मध्यस्थता सम्बन्धी लाग्ने खर्च दुबै पक्षले समान रुपमा व्यहोर्नेछन् । मध्यस्थकर्ताको कार्यालय काठमाण्डौंमा रहनेछ । मध्यस्थकर्ताले अपनाउनु पर्ने कार्यविधि तथा विवाद समाधानका अन्य प्रक्रिया मध्यस्थता ऐन, २०५५ बमोजिम हुनेछ ।

८. यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरु पूर्ण रुपमा बिक्री भएको खण्डमा सम्झौतापत्र स्वतः खारेज हुनेछ ।

**(छ) आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु :**

**(अ) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रक्रिया तथा तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :**

धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, धितोपत्रवालाको अधिकारमा परिवर्तन नगर्ने प्रक्रिया तथा धितोपत्र खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ/गरिनेछ। साथै यस विवरणपत्र मार्फत निष्कासन गरिएको धितोपत्र खरिदको लागि आवेदन गरी धितोपत्र बाँडफाँट भए पश्चात कायम धितोपत्र धनीहरुले कम्पनीको वार्षिक साधारण सभामा भाग लिन र मतदान गर्न पाउने छन् । साथै, लाभांश, हकप्रद शेयर आदि सम्बन्धी विवरण वित्तीय संस्थाले नियमित रुपमा आर्जन गर्ने मुनाफा तथा वित्तीय संस्थाको पूँजी योजना अनुसार प्रचलित कानुन बमोजिम हुनेछ ।

**(आ) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सकिने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सकिने हो सो सम्बन्धी विवरण :**

१. यस वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली कम्पनीको रजिष्टर्ड कार्यालय प्रदेश नं.४, गण्डकी अञ्चल, गोरखा जिल्ला, गोरखा नगरपालिका, वडा नं. ६ हरमटारीमा कार्यालय समयभित्र सम्पर्क राखी हेर्न वा प्राप्त गर्न सकिने छ ।

२. यस विवरणपत्र मार्फत निष्कासन गरिने साधारण शेयरको खरिदका लागि दरखास्त दिंदा दरखास्तवालाले न्यूनतम १० (दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनुपर्नेछ । यदि दरखास्तावालाले १० (दश) कित्ताभन्दा बढी साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम १,००० कित्ता साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिन सक्नेछ ।

३. यस विवरणपत्र मार्फत निष्कासन गरिने साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिंदा दरखास्तवालाले दरखास्तसाथ आफूले खरिद गर्न चाहेको धितोपत्र संख्याको प्रति धितोपत्र रु.१००।- का दरले हुन आउनेएकमुष्ठ रकम नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थामा जम्मा गरी आवेदन दिन सक्नेछन् ।

**(इ) आवेदन दिंदा पालन गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिदिनुपर्ने पक्षहरुः**

१. कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयर खरीदका लागि दरखास्त दिन सक्नेछन् ।

२. आवेदकले सि-आस्वा प्रणालीबाट आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्था मार्फत् मात्र आवेदन दिनुपर्नेछ । सो सम्बन्धी अन्य प्रक्रिया तथा शुल्क सम्वन्धी व्यवस्था सम्वन्धित सि-आस्व सदस्य बैंक तथा वित्तीय संस्थाले आफ्नो कार्यालयको सूचना पाटी, वेबसाईट वा राष्ट्रियस्तरको दैनिक पत्रपत्रिकामा प्रकाशित गरी तोके बमोजिम हुनेछ ।

३. आवेदकले आवेदन दिनुपूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई "धितोपत्रको सार्वजनिक निष्कासनको केन्द्रीकृत विद्युतिय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४" को अनुसूची ४ बमोजिमको सि-आस्वा रजिष्ट्रेशन फारम भरी CRN नं. लिनुपर्नेछ ।

४. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूची ४ मा भएको विवरण मिल्नुपर्नेछ ।

५. आवेदकले CRN नं. प्राप्त गरेपश्चात् शेयर खरीदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरिदका लागि आवेदन दिनुपर्नेछ ।

६. आवेदकले आवेदनमा उल्लेख गरेको हितग्राही परिचय नं. अन्य विवरण सि-आस्वा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरणसँग रुजु हुनुपर्नेछ ।

७. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसँग आवेदन फारम भरी बुझाउनुपर्नेछ :

क. धितोपत्र निष्कासनकर्ता कम्पनीको नाम ।

ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं. र ईमेल ।

ग. नाबालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता ।

घ. खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा) ।

ङ. खरिद गर्न चाहेको धितोपत्र बापतको रकम (अंक र अक्षरमा) ।

च. आवेदकको खाता रहेको बैंक तथा वित्तीय संस्थाको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।

छ. आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर ।

८. आवेदकले आवेदन दिंदा सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुमा रहेको आवेदन बापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormat) रहेको हुनुहुँदैन ।

९. आवेदन दिएको रकम बराबरको रकम बैंक खातामा हुनुपर्नेछ ।

१०. एक व्यक्तिले आफुले खरीद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिन पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।

११. धितोपत्र खरीदका लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिइसकेपछि खरिद गरेको धितोपत्र बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्कासन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारमलाई आदेश बमोजिम गरिनेछ ।

१२. धितोपत्र बाँडफाँट गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्कासन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ ।

१३. सिडिएस एण्ड क्लियरिङ्ग लि.बाट उपलब्ध गराईएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिइसकेको हुनुपर्नेछ ।

१४. रितपूर्वक प्राप्त नभएको दरखास्त फारमलाई साधारण शेयर बाँडफाँटमा समावेश गरिने छैन र सो को जिम्मेवार आवेदक र सम्बन्धित सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्था स्वयं हुनेछ ।

१५. शेयर बाँडफाँट गरी सूचीकरण भए पश्चात् बाँडफाँटमा परेको आवेदकहरुलाई बाँडफाँटमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ ।

१६. यस विवरणपत्र मार्फत निष्कासन गरिने साधारण शेयरहरुको लागि न्यूनतम १० (दश) कित्ता तथा सो भन्दा बढीको लागि १० (दश) अंकले भाग जाने संख्यामा अधिकतम १,००० कित्ता सम्मको लागि आवेदन दिन सकिनेछ ।

१७. संगठित संस्थाको सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, कम्पनी सचिव वा संगठित संस्थाको व्यवस्थापन वा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहँदाको बखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको मितिले एक वर्षसम्म सम्बन्धित संगठित संस्था वा त्यसको सहायक कम्पनीको धितोपत्र आफ्नो वा आफ्नो परिवारको सदस्य वा अन्य कुनै व्यक्ति वा त्यस्ता व्यक्तिको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा वा अन्य व्यक्तिलाई खरिद विक्री गर्न गराउन वा हस्तान्तरण गर्न वा लेनदेन गर्न सक्नेछैन ।

१८. रु.५,००,०००र(सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सो भन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN No.) खुलाउनुपर्नेछ ।

**११. सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :**

**निष्कासनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ वर्षको अवधिमा कुनै प्रकारको वस्तुगत कारोबार भएको वा कुनै कारोबार गर्न प्रस्ताव गरिएको भए कारोबारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संस्थासँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम सम्बन्धी विवरण :**

(क) **संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालकको रुपमा रहेको व्यक्ति :** सो नभएको ।

(ख) **आधारभूत शेयरधनी :** सो नभएको ।

(ग) **खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवारको सदस्य :** सो नभएको ।

(घ) **संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था :** सो नभएको।

(ङ) **संगठित संस्थाको वा यसको सहायक कम्पनीले हालको सञ्चालक वा निजको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा वित्तीय संस्थाको सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको भए सो कुरा :** सो नभएको ।

(च) **कुनै सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको व्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदिको विवरण :** सो नभएको ।

**१२. विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण :** सो नभएको ।

**१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्कासन गर्ने भएमा सो सम्बन्धी विवरण :**

(क) **संगठित संस्थाको विगत ३ आर्थिक वर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मुल्यका साथै कारोबार भएको शेयर संख्याः** सो नभएको ।

(ख) **बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नुभन्दा ६ महिना अगाडिको अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यको साथै प्रत्येक महिनामा कारोबार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्र संख्या :** सो नभएको

**१४. पछिल्लो सार्वजनिक निष्कासनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :**

**संगठित संस्थाले यसभन्दा अगाडि धितोपत्र निष्कासन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखीत गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण :** सो नभएको ।

**१५. परामर्शदाता/विशेषज्ञ सम्बन्धी विवरण :**

(क) **लेखापरीक्षक, प्रमुख बैंक, निष्कासन कार्यसँग संलग्न बैंक, प्रक्षेपति वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना**

- **लेखापरीक्षक :**

  यस वित्तीय संस्थाको आ.व. २०७५/७६ को आम्दानी खर्च हिसाब तथा वासलातको लेखापरीक्षण सि.ए. श्री आनन्द अधिकारी, एकेजी एसोशिएट्स चार्टर्ड एकाउन्टेन्टस्, काठमाण्डौंले गर्नुभएको हो । साथै वित्तीय संस्थाको मिति २०७६/०९/१२ गते सम्पन्न तेस्रो वार्षिक साधारणसभाले आर्थिक वर्ष २०७६/०७७ को लेखापरिक्षण गर्नका लागि श्री एकेजी एसोशिएट्स चार्टर्ड एकाउन्टेन्टस्का चार्टर्ड एकाउण्टेण्ट श्री आनन्द अधिकारीलाई नियुक्त गरेको छ ।

- **निष्कासन बैंक (Bankers to the Issue) :**

  यस सार्वजनिक निष्कासनको लागि देहायका बैंकलाई निष्कासन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

| सि | निष्कासन बैंकको नाम | खाताको नाम | खाता नम्बर |
|---|---|---|---|
| १. | श्री ग्लोबल आइएमई बैंक लिमिटेड | GICL-BTI-SADHANA LAGHUBITTA IPO | A४०१०१००००२४४ |

| | | | |
|---|---|---|---|
| २. | श्री कुमारी बैंक लिमिटेड | GICL-BTI-SADHANA LAGHUBITTA IPO | ००१००१७१४६०००००२९ |

साथै आवश्यकता अनुसार निष्कासन बन्द हुनु अगावै बोर्डलाई जानकारी दिई अन्य वाणिज्य बैंकहरुलाई समेत निष्कासन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

- **वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने विज्ञ :**
  यस विवरणपत्रमा उल्लेख गरिएको वित्तीय विवरण तयार पार्ने विज्ञमा निष्कासनकर्ता वित्तीय संस्था आफैं रहेको छ ।

- **वित्तीय प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञः**
  यस विवरणपत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी सो आधारमा तयार गरिएका वित्तीय प्रक्षेपणका विवरण यथार्थपरक रहेको भनी प्रमाणित गर्ने विशेषज्ञमा एस.डि.एण्ड एसोसिएट्स चार्टर्ड एकाउण्टेण्ट्सका चार्टर्ड एकाउण्टेण्ट श्री सञ्जिव ढकाल, काठमाण्डौं रहनु भएको छ ।

(ख) **माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बूँदा तथा शर्तहरु :**

- **लेखापरीक्षक** : सो नभएको ।
- **निष्कासन बैंक (Bankers to the Issue)**:
  निष्कासन बैंक (Bankers to the Issue) को रुपमा ग्लोबल आइएमई बैंक लिमिटेड, कमलादी, काठमाण्डौंको खाता नं. A४०१०१००००२४४ तथा कुमारी बैंक लिमिटेड, पुतलीसडक, काठमाण्डौंको खाता नं. ००१००१७१४६०००००२९ लाई तोकिएको छ ।

१६. **आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्कासन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरणः**
सो नभएको ।

१७. **मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

(क) **संगठित संस्थाको तरलता, मौज्दात, कार्य सञ्चालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा :**
सो नभएको ।

(ख) **संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/सञ्चालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण :**
सो नभएको ।

(ग) **विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/सञ्चालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम सम्बन्धी विवरण** :सो नभएको ।

(घ) **संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरण** : सो नभएको ।

१८. **गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**
सार्वजनिक निष्कासन सम्बन्धमा लगानीकर्ताहरुको गुनासो सुन्न र समाधानका लागि धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक ग्लोबल आइएमई क्यापीटल लिमिटेड, राष्ट्रिय नाचघर, जमल, काठमाण्डौंमा एक कक्षको व्यवस्था गरिएको छ। साथै लगानीकर्ताहरुले धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकको कार्यालयमा श्री नलिना श्रेष्ठलाई फोन नं. ४२२२४६०, फ्याक्स नं. ४२२२१३४ तथा E-Mail:info@gicl.com.np बाट आफ्नो गुनासो तथा सुझाव प्रेषित गर्न सक्नेछन ।

१९. **नगद नलिई कसैलाई धितोपत्र निष्कासन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्कासन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण** : सो नभएको ।

२०. **ऋणपत्र निष्कासन सम्बन्धी विवरण** : सो नभएको ।

२१. **अग्राधिकार शेयर निष्कासन सम्बन्धी विवरण** : सो नभएको ।

२२. अन्य सामान्य जानकारी :

**(क)विशेषज्ञको कुनै राय भएमा, सो को विवरण :**

यस विवरणपत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु, हालको बजार स्थिति, निष्कासनकर्ता वित्तीय संस्थाको हालको दक्षता र निष्कासनकर्ता वित्तीय संस्थाले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी सो आधारमा तयार वित्तीय प्रक्षेपणका विवरण यर्थाथपरक रहेको छ भनी एस.डि.एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्सका चार्टर्ड एकाउन्टेन्ट् श्री सञ्जिव ढकालले प्रमाणित गर्नुभएको छ ।

**(ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै सञ्चालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण :**

गत तीन आर्थिक वर्षभित्र सञ्चालकमा भएको परिवर्तन र सो को कारण सम्बन्धी विवरण देहाय बमोजिम रहेको छः

| सि.नं. | सञ्चालकको नाम | आर्थिक वर्ष | हटेको/ नयाँ नियुक्ति | परिवर्तनको कारण |
|---|---|---|---|---|
| १ | कृष्ण बहादुर थापा | २०७३/०७४ | नयाँ नियुक्ति | |
| २ | नगेन्द्र प्रसाद विमली | २०७३/०७४ | नयाँ नियुक्ति | |
| ३ | रविन अधिकारी | २०७३/०७४ | नयाँ नियुक्ति | |
| ४ | अर्जुन कुमार सिं | २०७३/०७४ | नयाँ नियुक्ति | |
| ५ | अमिर बन्जारा क्षेत्री | २०७३/०७४ | नयाँ नियुक्ति | |
| ६ | नगेन्द्र प्रसाद विमली | २०७३/०७४ | हटेको | एनसिसि बैंकको निर्णय अनुसार |
| ७ | रविन अधिकारी | २०७३/०७४ | हटेको | आवश्यक योग्यता नपुगेको |
| ८ | अमिर बन्जारा क्षेत्री | २०७३/०७४ | हटेको | आवश्यक योग्यता नपुगेको |
| ९ | हरी प्रसाद अर्याल | २०७४/०७५ | नयाँ नियुक्ति | रबिन अधिकारीको सट्टामा |
| १० | हरी प्रसाद अर्याल | २०७४/०७५ | हटेको | मिति २०७४/१२/२९ को साधारण सभामा मनोनयन दर्ता नगरेको । |
| ११ | राधाकृष्ण भण्डारी | २०७४/०७५ | नयाँ नियुक्ति | अमिर बन्जारा क्षेत्रीको सट्टामा |
| १२ | दिनेश थकाली | २०७४/०७५ | नयाँ नियुक्ति | संग्रिला डे.बैंकको संस्थागत प्रतिनिधी |
| १३ | नगेन्द्र प्रसाद विमली | २०७४/०७५ | हटेको | एनसिसि बैंकको निर्णय अनुसार |
| १४ | रमेश सापकोटा | २०७४/०७५ | नयाँ नियुक्ति | नगेन्द्र प्रसाद विमलीको सट्टामा एनसिसि बैंकको संस्थागत प्रतिनिधी |
| १५ | दिनेश थकाली | २०७५/०७६ | हटेको | सांग्रिला डेभलपमेन्ट बैंकको निर्णय अनुसार |
| १६ | बिकास ढुङ्गाना | २०७५/०७६ | नयाँ नियुक्ति | साग्रिला डेभलपमेन्ट बैंकको निर्णय अनुसार दिनेश थकालीको सट्टामा नयाँ नियुक्ति |
| १७ | डा. नरहरि ढकाल | २०७५/०७६ | नयाँ नियुक्ति | आर्थिक समृद्धी लघुवित्त वित्तीय संस्था प्राप्ति गर्दाको सम्झौता अनुसार |

गत तीन आर्थिक वर्षभित्र लेखापरिक्षकमा भएको परिवर्तन र सो को कारण सम्बन्धी विवरण देहाय बमोजिम रहेको छः

| सि.नं. | लेखापरिक्षकको नाम | आर्थिक वर्ष | हटेको/ नयाँ नियुक्ति | परिवर्तनको कारण |
|---|---|---|---|---|
| १ | एनबिएसएम एण्ड एसोसीएट्स चार्टर्ड एकाउण्टेण्टस | २०७३/०७४ | नयाँ नियुक्ति | वित्तीय संस्थाले कारोबार सञ्चालन गर्नुपूर्व |
| २ | ए.अधिकारी एण्ड एसोसिएटस | २०७४/०७५ | नयाँ नियुक्ति | सञ्चालक समितिको निर्णयानुसार |
| ३. | ए.के.जी. एसोसिएटस | २०७५/०७६ | नयाँ नियुक्ति | फर्मको नाम परिवर्तन भएको हुनाले |

(ग) **कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**

नाम : श्री रेशम न्यौपाने

ठेगाना : सिन्दुरे ६, लमजुङ्ग

शैक्षिक योग्यता : एम.ए.

(घ) **सार्वजनिक निष्कासन गर्नका लागि सञ्चालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**

लघुवित्त वित्तीय संस्थाको मिति २०७६/०८/०९ गते बसेको सञ्चालक समितिको ६५औं बैठकबाट सर्वसाधारणहरुलाई छुट्याएको रु. ७ करोड ७ लाख ८० हजार बराबरको ७,०७,८०० कित्ता साधारण शेयरको निष्कासन गर्नको लागि ग्लोबल आइएमई क्यापीटल लि., जमल, राष्ट्रिय नाचघर, काठमाण्डौंलाई निष्कासन तथा बिक्री प्रबन्धक नियुक्त गर्ने निर्णय भएको छ। साथै, सो सम्बन्धी कार्य गर्नका लागि वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतलाई अख्तियारी दिइएको छ।

(ङ) **संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण** : सो नभएको।

(च) **संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरक्षिण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह**

**विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय** : कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा लघुवित्त वित्तीय संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिने छ :

१. कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय प्रदेश नं.४, गण्डकी अञ्चल, गोरखा जिल्ला, गोरखा नगरपालिका वडा नं. ६, हरमटारी।

२. धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकको रुपमा नियुक्त भएको ग्लोबल आइएमई क्यापीटल लिमिटेड, नाचघर, जमल, काठमाण्डौं।

(छ) **बोनश शेयर सम्बन्धी व्यवस्था :**

हालसम्म बोनश शेयर जारी गरिएको छैन। भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनश शेयर निष्कासन सम्बन्धी व्यवस्था अनुसार बोनश शेयर जारी गर्न सकिनेछ।

(ज) **शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

यस विवरणपत्रद्वारा निष्कासन गरिने प्रति साधारण शेयर रु.१००।–अङ्कित मूल्य (Par Value) को कूल ७,०७,८०० कित्ता साधारण शेयरमध्ये ०.५ प्रतिशत अर्थात् १०,८९० कित्ता साधारण शेयरहरु वित्तीय संस्थामा कार्यरत कर्मचारीहरुका लागि तथा ५ प्रतिशत अर्थात् ३५,३९० कित्ता साधारण शेयरहरु सामुहिक लगानी कोषको लागि छुट्याएर सुरक्षित गरिएको छ। यसरी छुट्याइएको शेयर कर्मचारीहरुको हकमा सञ्चालक समितिले औचित्यपूर्ण तवरबाट बाँडफाँट गर्नेछ तथा सामुहिक लगानी कोषको हकमा सामुहिक लगानी काेष नियमावली, २०६७ बमोजिम बाँडफाँट गरिनेछ। कर्मचारी तथा सामुहिक लगानी कोषहरुबाट सम्पूर्ण शेयरको लागि माग भई नआएको अवस्थामा बाँकी शेयरहरु सर्वसाधारणमा बाँडफाँट गरिनेछ।

(झ) **वित्तीय संस्थाले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसंग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**

वित्तीय संस्थाले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु, आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्णरुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरणपत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने वित्तीय संस्थाको उद्घोषण रहेको छ। वित्तीय संस्थाका कुनै पनि सञ्चालकहरु कालोसुचीमा नरहेको साथै योग्य रहेको वित्तीय संस्थाको उद्घोषण रहेको छ। साथै, यस वित्तीय संस्थाले कम्पनी ऐन, २०६३ बमोजिम पेश गर्नु पर्ने आ.ब. २०७५/०७६ सम्मका विवरणहरु पेश गरेको हुनाले सो आर्थिक वर्षसम्म यस वित्तीय संस्था अद्यावधिक रहेको र सो ब्यहोराको जानकारी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७६/११/०५ च.नं.३६११८/०७६/७७ का पत्रबाट प्राप्त भएको छ।

(ञ) **धितापत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र मार्फत् निष्काशित साधारण शेयर बिक्री वितरणका लागि नेपाल धितो पत्र बोर्डबाट इजाजतपत्र प्राप्त आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुका तथा तिनका तोकिएका शाखा कार्यालयहरुबाट आबेदन दिनसक्ने व्यबस्था गरिएको छ।

(ट) **क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :**

यस विवरण पत्र अनुसार साधारण शेयरको लागि “क्रेडिट रेटिङ्ग नियमावली, २०६८” को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इक्रा नेपाल लि, डिल्लीबजार, काठमाण्डौबाट क्रेडिट रेटिङ्ग गराई “**आइसिआरए एनपि आईपिओ ग्रेड ४+**” प्रमाणपत्र प्राप्त गरेको छ। “**आइसिआरए एनपि आईपिओ ग्रेड ४+**” ले औसत भन्दा तल आधारहरु (Below Average Fundamentals) भन्ने बुझिन्छ। इक्रा नेपाल लि.ले १ देखि ५ प्वाइन्टसम्ममा ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड १ ले बलिया आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ। क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण यस विवरणपत्रको अनुसूचीमा संलग्न गरिएको छ। ईक्रा नेपाल लि. ले यस वित्तीय संस्थालाई मिति २०७६/१०/२९ (तदनुसार १२ फेब्रुअरी, २०२०) गतेको पत्रबाट क्रेडिट रेटिङ्ग ग्रेड प्रदान गरेको हो र सो क्रेडिट रेटिङ्गको बहाल रहने अवधि ११ फेब्रुअरी, २०२१ सम्म रहनेछ।

(ठ) **विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण :**
यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा निष्कासन तथा बिक्री प्रबन्धक ग्लोबल आइएमई क्यापीटल लिमिटेड, राष्ट्रिय नाचघर, जमल, काठमाडौं रहेको छ।

(ड) **शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :** नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण गरे पश्चात शेयरका दाखिल खारेज, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस वित्तीय संस्थाको कार्यालयबाट वा वित्तीय संस्थाको सञ्चालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ।

(ढ) **सकारात्मक पक्षहरु :**

१) लघुवित्त क्षेत्रका अनुभवी तथा दक्ष व्यक्तिहरुद्वारा स्थापित भएकोले यस लघुवित्त वित्तीय संस्थाको व्यवस्थापन सक्षम तथा प्रभावकारी भएको।
२) स्थानीय समुदायमा वित्तीय सस्थाले बनाएका अमिट छाप,
३) उचित समुह निर्माण नीति अवलम्बन गर्दै कर्जा तथा लगानीको गुणस्तरको स्तरलाई प्राथमिकता दिइएको,
४) वित्तीय संस्थाको सञ्चालक समिति र व्यवस्थापनमा रहेको अन्तराष्ट्रिय, राष्ट्रिय तथा स्थानीय स्तरको ज्ञान र अनुभव,
५) नीतिगत पारदर्शिता र बलियो संस्थागत सुशासन,
६) सामाजिक जिम्मेवारी र दायित्व।

(ण) **धितोपत्र बिक्रि खुल्ला अवधि :**
यस विवरणपत्रद्वारा निष्कासन गरिने शेयरको लागि आवेदन लिने कार्य कम्तीमा चार कार्य दिनको लागि खुल्ला गरिनेछ। सो अवधि भित्र निष्कासन गरिएको सवै धितोपत्र विक्री नभएमा दरखास्त खुल्ला भएको मितिले बढीमा १५ दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ।

**२३ सञ्चालक तथा विज्ञहरुको नाम तथा दस्तखत :**
यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्णरुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने वित्तीय संस्थाका सञ्चालकहरुको नाम तथा दस्तखत :

| क्र.सं | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री कृष्ण बहादुर थापा | अध्यक्ष | |
| २ | डा. नरहरि ढकाल | सञ्चालक | |
| ३ | श्री रमेश सापकोटा | सञ्चालक | |
| ४ | श्री राधा कृष्ण भण्डारी | सञ्चालक | |
| ५ | श्री अर्जुन कुमार सिं | सञ्चालक | |

# Global IME Capital Limited

ग्लोबल आइएमई क्यापिटल लिमिटेड

GROW WITH US

26935

Regd No. 1067/064/065


२४. निष्काशन तथा बिक्री प्रबन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति:

प.सं.: GICL/IM/९६३/२०७६/७७, चलानी नं. ४०४४

मिति : २०७७ ०३ ०१

श्री नेपाल धितोपत्र बोर्ड,
जावलाखेल, ललितपुर ।

**बिषय : ड्यु डेलिजेन्स् सर्टिफिकेट बारे ।**

महोदय,

प्रदेश नं. ४, गण्डकी अञ्चल, गोरखा जिल्ला, गोरखा नगरपालिका वडा नं. ६, हरमटारीमा रजिष्टर्ड कार्यालय रहेको श्री साधना लघुवित्त वित्तीय संस्था लिमिटेडले निष्काशन गर्न लागेको रु.१००।– अङ्कित दरका ७,०७,८०० कित्ता संस्थाको निष्काशन तथा बिक्री प्रबन्धकको रूपमा सेवा दिन हामी मञ्जुर गर्दछौं । धितोपत्र निष्काशन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार धितोपत्र बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं ।

१. लघुवित्त वित्तीय संस्थाको "विवरणपत्र" मा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त लघुवित्त वित्तीय संस्थाबाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरूलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । साथै लघुवित्त वित्तीय संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा लघुवित्त वित्तीय संस्थाले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।
२. प्रचलित धितोपत्र कारोबार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरू प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।
३. हाम्रो विचारमा लघुवित्त वित्तीय संस्थाद्वारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचीकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य छन् ।
४. लघुवित्त वित्तीय संस्थाले निष्कासन गर्न लागेको धितोपत्रका लागि आवेदन दिने आवेदकहरुलाई "विवरण-पत्र" तथा दरखास्त फारम सरल तरिकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा कम्पनीसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौं ।
५. हामीले त्यस बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ मा उल्लेखित सबै कुराहरुको अध्ययन गरेका छौं । उक्त व्यवस्थाहरुसँग अनुरूप हुने गरी लघुवित्त वित्तीय संस्थाले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं ।

**धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक** :
ग्लोबल आइएमई क्यापीटल लिमिटेडको तर्फबाट

नाम : पारस मणी ढकाल
पद: प्रमुख कार्यकारी अधिकृत
सही :

कार्यालयको छाप :


ा नेपाल धितोपत्र बोर्डबाट मर्चेन्ट बैंकर (निष्काशन तथा बिक्री प्रबन्ध, शेयर रजिष्ट्रेशन, धितोपत्र प्रत्याभुति र लगानी व्यवस्थापन), निक्षेप सदस्य तथा योजना प्रवस्थापक र डिपोजिटरीको कार्य गर्न अनुमतिपात्र प्राप्त संस्था
.O.Box No. 21599, Rastriya Naach Ghar, 3rd Floor, Jamal, Kathmandu, Nepal
'h.: 4222460, Fax: 4222534
:-mail: info@gicl.com.np
Vebsite: www.globalimecapital.com

२५. विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :

S.D.& Associates
Chartered Accountants

34- Ekta Marg, Anamnagar
P.O. Box No. 3762
Kathmandu, Nepal
info@sdnaca.com
www.sdnaca.com
+977- 01- 4492588

Date: - February 29, 2020

Sadhana Lagubitta Bittiya Sanstha Limited
Gorkha, Nepal

Report on review of Projected Financial Statements

We have reviewed the accompanying projected financial statements including Net-worth details and EPS (Earning Per Shares) of M/S Sadhana Lagubitta Bittiya Sanstha Limited (hereinafter called as "Lagubitta" or "Sadhana") for FY 2076-77, FY 2077-78 and FY 2078-79. Financial projection has been prepared on following basis.

1) Previous years audited financial statements and Lagubitta's current financial positions (trial balance for the period July 17, 2019 to January 31, 2020).
2) Information provided by management.
3) Accounting Policies adopted by the Sadhana Lagubitta Bittiya Sanstha Limited
4) Assumption stated in the projection.

Based on our examination of documents, underlying set of assumptions, nothing has come to our attention, which leads us to believe that assumptions do not provide a reasonable basis of the projections. However, there will usually be differences between the forecasted and actual results, because events and circumstances frequently do not occur as expected, and those differences may be material. We have no responsibility to update this report for the events and circumstances occurring after the date of this report.

CA Sanjeev Dhakal

Principal

S.D. & Associates
Chartered Accountants
UDIN- 200301CA01077dsf17